# स्थानीय राजपत्र

शुद्धोधन गाउँपालिकाद्वारा प्रकाशित

खण्डः २, शुद्धोधन, आषाढ २५ गते, २०७६ साल संख्याः २

## भाग–१

### शुद्धोधन गाउँपालिका

शुद्धोधन गाउँपालिकाको आर्थिक बर्ष २०७६/२०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमाव्यवस्थागर्न बनेको ऐन

**संवत् २०७५ सालको ऐन नं. २**
**ऐनको नाम : शुद्धोधन गाउँपालिकाको**
**विनियोजन ऐन, २०७६**

**प्रस्तावनाः** शुद्धोधन गाउँपालिकाको आर्थिक बर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकमविनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम पाँचौ गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "शुद्धोधन गाउँपालिकाको विनियोजन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७६/०७७ को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०७६/०७७ को निमित्त शुद्धोधन गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रू.४६,८९,८५,४०० (छ्यालीस करोड उनानब्बे लाख पैतिस हजार चार सय) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः**

(१) यस ऐनद्वारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६।०७७ को निमित्त शुद्धोधन गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित

रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

## संञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | जम्मा रू. |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ७ |
| १ | राजश्व बाँडफाँड, समानीकरण संघ, प्रदेश, तथा आन्तरिक, स्था, स्वायत्त र अ.ल्या | गाउँ कार्यपालिका | ५८५१०००० | १४८२१८४०० | २०६७२८४०० |
| २ | समानीकरण संघीय | वडा गत कार्यक्रम | | ७०००००००० | ७०००००००० |
| ३ | प्रदेश राजश्व बाँडफाँड | गाउँ कार्यपालिका | | १०२५७००० | १०२५७००० |
| ४ | शसर्त अनुदान संघिय | गाउँपालिका कार्यक्रम | | १०२८००००० | १०२८००००० |
| ५ | सामाजिक सुरक्षा | गाउँपालिका | ६५०००००० | | ६५०००००० |
| ६ | सडक बोर्ड | गाउँपालिका कार्यक्रम | | १०००००० | १०००००० |
| ७ | शसर्त अनुदान प्रदेश | गाउँपालिका कार्यक्रम | | ८०००००० | ८०००००० |
| ८ | बिशेष अनुदान | गाउँपालिका कार्यक्रम | | ५२००००० | ५२००००० |
| | | | | **कुल जम्मा रु.** | ४६८९८५४०० |

प्रमाणिकरण मिति : २०७६/०३/२०

आज्ञाले

(रोमनाथ न्यौपाने)

प्रमुख प्रशासकीय अधिकृत